ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक १३०
१ फागुन २०७९ सोमवार
13 Feb. 2023, Monday
www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

# डोरीले बाँधेर १४ वर्षिय बालकलाई ६ घण्टासम्म यातना



**बिशाल बस्नेत**

**माघ २९ गते, बर्दिवास**

महोत्तरीको बर्दिबासमा एक वालकलाइ ६ घण्टासम्म बन्धक वनाएर निर्घात कुटपिट गरेको पाइएको छ ।

बर्दिबास(१२ बस्ने १४ बर्षिय इन्द्रजित कुमार महतोलाइ माटोको खुत्रुकेमा जम्मा गरेको पैसा चोरी गरेको आरोपमा स्थानिय युवाहरुले निर्ममतापुर्वक कुटपिट गरेको खुलासा भएको हो ।

पिडित परिवारका अनुसार स्थानिय युवाहरु रन्जित महतो, सन्जित महतो, हरि महतो, रामजन्म महतो, सुशील महतो र रन्जित चौधरीले ६ घण्टासम्म बन्धक वनाएर कुटपिट गरेका थिए ।

स्थानिय प्रत्यक्षदर्शीका अनुसार युवाहरुले वालकलाइ वाइकमा पछाडी राखेर घिसार्दै आरोपित मध्यका सन्जित महतोको घरमा पुऱ्याएर ६ घण्टासम्म यातना दिएको वताइएको छ ।

२३ माघको झण्डै १२ बजे नियन्त्रणमा लिएर बेलुका ६ बजेमात्र उनिहरुले छाडेको पिडित वालक इन्द्रजित महतोले वताए । 'मलाइ बाइकमा घिसारेर सन्जित महतोको घरमा पुऱ्याए अनि डोरीले दुवै हात बाधेर झुण्ड्याएर कुटपिट गरे ।' पिडित वालक इन्द्रजितले भने । 'खुकुरी देखाए, पैतालामा तारले कुटे ।'

पिडित वालकको पैतालामा सिर्कनाले हानेको अझै निलडाम देख्न सकिन्छ । हिडडुल गर्न समेत समस्या वनिरहेको अवस्थामा उनी विद्यालय समेत जान सकेका छैनन ।

गाउँ कै एक विद्यालयमा कक्षा(६ मा अध्यण गर्ने पिडित महतोलाई चोरी भएको जवर्जस्त स्विकार गर्न निक्कै यातना दिएको उन्को घाउ र निलडामवाट प्रमाणित हुन्छ ।

महतोको पछाडी ढाडमा लीले हानेजस्तो सुम्ला देखिन्छन भने खुट्टामा समेत गहिरो निलडाम छ । 'मलाई पानीमा मुन्टो डुवाए अनि पैतालामा पनि असहय हुनेगरी पिटे ।' इन्द्रजितले रुदै भने । 'टाउकोमा पनि औंठी लगाएको हातले जोडले मारे ।'

युवाहरुले निर्घात कुटपिट गरेर बेलुका छाडेपछी पिडित परिवार जनले गाउँमा नै रहेको सुरज वस्नेतको किल्निकमा पुऱ्याएर उपचार गरेका थिए ।

'उपचारमा मात्र २ हजार खर्च भयो, आम्दानीको स्रोत केही छैन ।' पिडित वालकका आमा कोशिला देविले भनिन ।

कोशिला देविलाइ समेत घरमा आएर युवाहरुले अभद्र व्यवहार गरेको वताएकी छन । घरमा आएर तथानाम गाली गरेको र घरको वरपर आक्रोश पोख्दै लात्ती बजारेको कोसिला देविले वताइन ।

पिडित वालकका वुवा भोला महतो बर्दिबास स्थित एक वेकरीमा काम गर्छन । आफ्नो छोरालाइ निर्घात कुटपिट गर्ने युवाहरुलाइ कडा कार वाही गर्न पिडित परिवारले माग गरेको छ ।

यता घटना भएको भोलिपल्ट नै प्रहरी चौकी हात्तिलेटमा निवेदन दिएतापनी प्रहरीले त्यस्को खासै वास्ता गरेको छैन । हात्तिलेट स्थित प्रहरी चौकीका इन्चार्ज इन्द्रजित ठाकुरले घटनाको बिषयमा जानकारी भएतापनी पिडितहरु नै जाहेरी दिन नआएको वताएका छन ।

तर पिडित पक्षले प्रहरी चौकीवाट ३ सय दस्तुर लिएर निवेदन दर्ता गरिसकेको दावी गरेका छन । कुटपिट जस्तो अपराधलाइ प्रहरीले आरोपितहरुलाइ उन्मुक्ती दिन खोजेको पिडित परिवारको आरोप छ ।

इलाका प्रहरी कार्यालय गौरिडाडाले पनि घटनाको बिषयमा अनबिज्ञता जनाएको छ । इलाका हेर्ने प्रहरी नायव उपरिक्षक रवि रावलको सरुवा भएको हुनाले नया इन्चार्ज विजय यादव आएका छन ।

घटनाको बिषयमा छानविन गरि दोषीहरुलाइ कानुनी दायरामा ल्याउने .उन्को भनाइ छ ।

प्रहरी उपरिक्षक प्रकाश मल्लले पनि घटनाको बिषयमा जानकारी लिएर अनुसन्धान प्रक्रियालाई अगाडि बढाउने वताएका छन ।

चोरी गरेको नै भएतापनी त्यस्का कानुनी पाटाहरु हुदाहुदै कानुन हातमा लिएर कसैलाइ कुटपिट गर्न नहुने प्रहरी उपरिक्षक मल्लको ठहर छ ।

**घटना कसरी भयो ?**

२२ माघमा रन्जित महतोको घरमा राखेको माटोको खुत्रुके एक्कासी हरायो । हराएपछी रन्जितले आरोपित मध्येका साथीहरुसगँ छलफल गरे ।

६ महिना अगाडि पनि चोरीको आरोप खेपेका वालक इन्द्रजित महतोले नै माटोको खुत्रुकेमा राखेको पैसा चोरी गरेको स्थानिय युवाहरुले आसङका गरे ।

त्यसपछी इन्द्रजितलाइ उनिहरुले नियन्त्रण लिएर ६ घण्टासम्म बन्धक बनाएर यातना दिए ।

इन्द्रजितले नै चोरी गरेको स्विकार गराउन उनिहरुले कुटपिट मात्र गरेनन । रस्सीले बाधेर पैताला, टाउको र ढाडमा सिर्कना, मुक्का र लात्ती बजारे ।

'उनिहरुले दिएको असहय यातना सहन नसकेपछी मैले चोरेको नै हो भने ।' पिडित वालक इन्द्रजितले भने ।

इन्द्रजितलाइ नियन्त्रण लिएर गरिएको कुटपिट निक्कै डरलाग्दो

*बाँकी पृष्ठ ४ मा*

# आज जनयुद्ध दिवसमा देशभर सार्वजनिक बिदा

**खबर दर्पण समाचारदाता**

**माघ २९ गते, महेन्द्रनगर**

सरकारले आज फागुन १ गते पर्ने जनयुद्ध दिवसमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ।

आइतबार दिउँसो प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदर बारमा बसेको मन्त्रिपरिषदको बैठकले फागुन १ गते जनयुद्ध दिवसका रूपमा सार्वजनिक बिदा दिने निर्णय गरेको हो।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको अध्यक्षतामा बसेको मन्त्रिपरिषद् बैठकले नेपालको र ाजनीतिक परिवर्तनमा जनयुद्धले पुऱ्याएको योगदानको कदर गर्दै सार्वजनिक बिदा दिने घोषणा गरेको हो।

वि. सं. २०५२ फागुन १ गतेबाट सुरू भएको जनयुद्ध २०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौतामा रूपान्तरण भएको थियो।

त्यही जनयुद्धको जगमा नेपालमा राजनीतिक परिवर्तन सम्भव भएको सरकारको निष्कर्ष छ।

गणतन्त्र, संघीय प्रणाली, समावेशी लोकतन्त्र, सामाजिक न्यायजस्ता उपलब्धि जनयुद्ध र जनआन्दोलनको बलमा नै स्थापित भएका भन्दै बिदा दिन लागिएको हो।

जनयुद्धको नेतृत्वकर्ता नेकपा माओवादी केन्द्रले प्रत्येक वर्ष फागुन १ गतेलाई जनयुद्ध दिवसको रूपमा मनाउँदै आएको छ।

परिवर्तनका पक्षमा भएका सबै आन्दोलन र क्रान्तिहरूको सम्मानमा सरकारले सार्वजनिक विदा दिने निर्णय लिएको हो।

यसअघि पुस २७ लाई राष्ट्रिय एकता दिवसका रूपमा सरकारले सार्वजनिक बिदा दिएको थियो।

फागुन १ गते जनयुद्ध दिवसका दिन सार्वजनिक बिदा दिने निर्णय यसअघि विभिन्न पालिका तथा कर्णाली र बागमती प्रदेश सरकारले गरिसकेका छन्।

# मधेश सरकारले सवारी साधनको मर्मतमै खर्चे १८ करोडभन्दा बढी रकम




**जनकपुर** / मधेश प्रदेश सरकारले सवारी साधनको मर्मतको नाममा चार वर्षमा १८ करोडभन्दा बढी रकम खर्च गरेको खुलेको छ ।

मधेश सरकारले आर्थिक वर्ष २०७५/७६ देखि २०७८/७९ सम्ममा सवारी साधन मर्मत खर्च वापत १८ करोड २० लाख १२ हजार १४३ रुपैयाँ खर्चेको प्रदेश लेखा कार्यालयले जनाएको छ ।

आर्थिक वर्ष २०७५/७६ मा सवारी साधन मर्मत खर्च वापत ३ करोड ३९ लाख २८ हजार २४१, आव २०७६/७७ मा ४ करोड ४ लाख ७७ हजार ६१८, आव २०७७/७८ मा ४ करोड ९२ लाख ६३ हजार ५१२ रुपैयाँ मधेश सरकारले सवारी साधन मर्मत वापत खर्च गरेको छ ।

यस्तै गत आव २०७८/७९ मा ५ करोड ८३ लाख ४२ हजार ७७२ रुपैयाँ सवारी साधन मर्मत वापत खर्चेको प्रदेश लेखा कार्यालयको तथ्यांक छ ।

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# जोखिममा जैविक विविधता

एकातिर जलवायु परिवर्तनका कारण प्राणी तथा वनस्पतिका लागि वातावरण प्रतिकूल बनिरहेको छ भने अर्कोतिर बासस्थानको विनाश र प्राकृतिक साधनको दोहनका कारणले जैविक विविधता सङ्कटमा परिरहेको छ । संयुक्त राष्ट्रसङ्घअन्तर्गतको जैविक विविधता तथा पर्यावरणसम्बन्धी अन्तरसरकारी विज्ञान-नीति मञ्चको एक रिपोर्टअनुसार र थाने प्रकारका स्थलजीवका प्रजातिको सङ्ख्यामा सन् १९०० यता कम्तीमा २० प्रतिशतले गिरावट आएको छ भने ४० प्रतिशत उभयचरका साथै एक तिहाइ सामुद्रिक जीवका प्रजाति खतरामा परेका छन्। पृथ्वीमा पत्ता लागेकामध्ये २४ प्रतिशत स्तनधारी र १२ प्रतिशत चराका प्रजाति लोप हुने खतरामा छन्।

उक्त रिपोर्टअनुसार १६औँ शताब्दीयता पृथ्वीबाट कम्तीमा ६८० ढाड भएका जनावरका प्रजाति लोप भइसकेका छन्। रिपोर्टअनुसार सन् १९७० यता कुनै पनि देशमा प्रवेश गर्ने मिचाहा वनस्पति तथा जीवजन्तुको सङ्ख्या ७० प्रतिशतले वृद्धि भएको छ ।

त्यस्तै सन् १९८० यता प्लास्टिक प्रदूषणमा १० गुणाले वृद्धि भएको छ र उद्योगबाट उत्सर्जित ३० देखि ४० करोड टनसम्म धातु, घोलक, विषाक्त लेदो र अन्य फोहोर पदार्थ पानीका स्रोतमा फ्याँकिने गरिएको र कृषि भूमिमा प्रयोग गरिएको रासायनिक मल तथा रसायनले करिब साढे दुई लाख वर्गकिलोमिटर क्षेत्रफल बराबरको सामुद्रिक क्षेत्रलाई मृत बनाइसकेको तथ्य पनि उक्त प्रतिवेदनले उजागर गरेको छ।

विश्वको तीन चौथाइ स्थलीय वातावरण तथा करिब ६६ प्रतिशत सामुद्रिक वातावरण मानवीय कारणले गर्दा उल्लेख्य रूपमा विकृत भएको अनि पृथ्वीको जमिनको एक तिहाइभन्दा बढी र ताजा पानीका स्रोतमध्ये ७५ प्रतिशतलाई बालीनाली तथा पशु उत्पादनमा प्रयोग गरिएको अवस्थाले प्रकृतिमाथि मानवीय दोहन कतिसम्म बढेको छ भन्ने तथ्यलाई दर्शाएको छ।

विज्ञहरूका अनुसार पृथ्वीबाट प्रजातिहरू लोप हुने दर यसको प्राकृतिक दरभन्दा एक हजारदेखि १० हजार गुणासम्म बढी छ। विश्व संरक्षण सङ्घ (आईयूसीएन)ले पृथ्वीमा रहेका साढे १२ हजारभन्दा धेरै प्रजातिलाई लोप हुने खतरामा रहेको सूचीमा राखेको छ। विश्वका पहिचान भएकामध्ये एक तिहाइ प्रजाति लोपोन्मुख अवस्थामा छन्। पृथ्वीमा जैविक विविधताको आधा हिस्सा ओगट्ने वनक्षेत्र बर्सेनि ०.८ प्रतिशतका दरले विनाश भइरहेको र उष्णप्रदेशीय सदावहार जङ्गलको विलोपन दर ४ प्रतिशत रहेको तथ्याङ्क छ।

# चर्को आलोचनापछि भीआईपी सवारी सुरक्षा नियम फेर्न सरकार तयार



**खबर दर्पण समाचारदाता**
**माघ २९ गते, काठमाडौं**
नागरिकस्तरबाट चर्को आलोचना भएपछि विशिष्ठ व्यक्तिहरुको सवारी सुरक्षा व्यवस्थापन नियम फेर्न सरकार तयार भएको छ।

शुक्रबार राष्ट्रपति विद्यादेवी भण्डारी संसद भवन आउने क्रममा प्रहरीद्वारा वीर अस्पतालका चिकित्सक कुटिएपछि चर्केको आन्दोलनपछि सरकार सुरक्षा नियम फेर्न तयार भएको हो।

नेपाल चिकित्सक संघले देशभर स्वास्थ्य सेवा अवरुद्ध गर्ने गरी गरेको आन्दोलन फिर्ता लिने क्रममा सरकारले यसबारे सहमति जनाएको हो।

संघका अध्यक्ष डा. लोचन कार्कीले आइतबार बिहान प्रधानमन्त्री कार्यालयमा भएको दुई पक्षबीचको छलफलमा सरकारले सुरक्षा नियम परिमार्जन गर्न सहमति जनाएको बताए।

चिकित्सकहरुसँग भएको ६ बुँदे सहमतिअनुसार सरकारले 'विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७', परिमार्जन गर्ने भएको छ।

'विशिष्ट व्यक्तिको सवारीमा सुरक्षा व्यवस्थापन गर्दा बिरामी एवम् आमनागरिक र विशेषगरी स्वास्थ्य संस्था, विद्यालयलगायतका संवेदनशील संस्था तथा क्षेत्रहरूमा असहजता नहुने गरी 'विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७' मा गर्नुपर्ने परिमार्जनसम्बन्धमा नेपाल सरकार समक्ष एक हप्ता भित्रमा सुझाव पेश गर्ने', सहमतिको चौथो बुँदामा भनिएको छ, 'नेपाल सरकारले उक्त सुझावहरूलाई यथाशीघ्र कार्यान्वयनमा लैजाने।'

त्यसैगरी शुक्रबार प्रहरीबाट कुटिएका घाइते चिकित्सकको उपचारको व्यवस्था सरकारले गर्ने पनि सहमति जनाएको छ।

**यस्ता छन् सहमति**

१. मिति २०७९/१०/२७ गते दिनको ४.१५ बजेको समयमा राष्ट्रिय ट्रमा सेन्टर र वीर अस्पताल अगाडि विशिष्ट व्यक्तिको सवारी सुरक्षा व्यवस्थापन गर्ने क्रममा भएको घटनाको बारेमा वार्ता टोलीमा छलफल भयो। साथै, उक्त घटनामा घाइते हुनु भएका चिकित्सकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरियो।

२. मिति २०७९/१०/२७ गतेका दिन घटेको घटनाको सम्बन्धमा सम्बन्धित सुरक्षाकर्मीलाई निलम्बन गरी छानविन शुरू भई सकेकोले समग्र पक्षमा एक हप्ताभित्र छानविन सम्पन्न गरी दोषीलाई कारबाही गर्ने।

३. घाइते चिकित्सकको उपचारको व्यवस्था नेपाल सरकारले गर्ने।

४. विशिष्ट व्यक्तिको सवारीमा सुरक्षा व्यवस्थापन गर्दा बिरामी एवं आमनागरिक र विशेषगरी स्वास्थ्य संस्था, विद्यालयलगायतका संवेदनशील संस्था तथा क्षेत्रहरूमा असहजता नहुने गरी 'विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७' मा गर्नुपर्ने परिमार्जनसम्बन्धमा नेपाल सरकार समक्ष एक हप्ता भित्रमा सुझाव पेश गर्ने। नेपाल सरकारले उक्त सुझावहरूलाई यथाशीघ्र कार्यान्वयनमा लैजाने।

५. स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ( संशोधनसहित ) ऐन, २०६६ बमोजिम स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी व्यवस्थालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने। साथै, स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको सुरक्षालाई थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था गर्ने।

६. नेपाल चिकित्सक संघले अगाडि सारेका आन्दोलनका सम्पूर्ण कार्यक्रम तत्काल स्थगित गरी आ-आफ्नो कार्य जिम्मेवारी सम्हाल्ने।

## रवि लामिछाने निलम्बित भएपछि रिक्त रहेको चितवन- २ मा वैशाख १० मा उपनिर्वाचन



काठमाडौं- निर्वाचन आयोगले चितवन निर्वाचन क्षेत्र नम्बर २ मा वैशाख १० गते उपनिर्वाचन गर्ने भएको छ। तत्कालीन सांसद रवि लामिछाने नागरिकता प्रकरणपछि निल्मबनमा परेपछि उक्त क्षेत्र रिक्त रहेको थियो।

निर्वाचन आयोगको आइतबार बसेको बैठकले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६८ बमोजिम संवत् २०८० साल बैशाख १० गते आइतबारका दिन चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २ मा रिक्त रहेको प्रतिनिधि सभा सदस्यको उपनिर्वाचन गर्ने गरी निर्वाचनको मिति तोक्ने निर्णय गरेको आयोगले विज्ञप्तिमार्फत् जनाएको छ। सर्वोच्चको उक्त निर्णयपछि आयोगले उपनिर्वाचनको तयारी सुरु गरेको हो।

**बालबालिकालाई अनिवार्य विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं ।**

# आवश्यक टेलिफोन नम्बरहरू

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# रोक्नुपर्ने निकायले नै क्रसर उद्योगसँग लाभ लिँदा चुरे संरक्षणमा समस्या

अजयकुमार साह

**माघ २९ गते, महेन्द्रनगर**



वन, वनस्पति लगायत जैविक विविधताका दृष्टिकोणले समृद्ध मानिने चुरे शृंखलाबाट बग्ने नदीनालाको अत्यधिक दोहन तथा ढुङ्गा, गिट्टी, बालुवाको वैध/अवैध रूपमा उत्खनन तथा सङ्कलन गर्ने काम बढ्दै गएकाले चुरे क्षेत्रको संरक्षण चुनौतीपूर्ण बन्दै गएको छ। समुन्द्री सतहदेखि ६१० मिटर उचाइबाट सुरु भएर १८७२ मिटर उचाइसम्म फैलिएको भू-क्षेत्रलाई चुरे क्षेत्र भनिन्छ ।

नेपालको दक्षिणी भागमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको, कमजोर र पत्रे चट्टानले बनेको भू-भाग नै चुरे हो र हालको संरचना अनुसार देशको सातै प्रदेशमा पर्ने र ३७ जिल्ला छुने यस क्षेत्रको कुल क्षेत्रफल १८,९६,२५१ हेक्टर ९१२.७८५० रहेको छ।

चुरे क्षेत्र जैविक र प्राकृतिक दृष्टिकोणबाट अति नै महत्वपूर्ण र उपयोगी क्षेत्र हो । हावापानी समशितोष्ण किसिमको भएकै कारण यहाँ विभिन्न प्रजातिको वन्यजन्तु पाइन्छन् । यहाँ साल, सिसौं, खयर , अमला, हर्रो, बर्रोजस्ता औषधिजन्य बहुउपयोगी बिरुवा पनि प्रशस्त पाइन्छ ।

चुरे जैविक विविधता तथा प्राकृतिक सम्पदाको कमजोर भू–बनोटका कारण चुरे वनलाई एक संवेदनशील क्षेत्रको रूपमा लिने गरिन्छ । यो भौगोलिक, प्राकृतिक र जैविकलगायत सम्पूर्ण क्षेत्रबाट बहुउपयोगी मानिन्छ । तराईको उर्वर भूमिलाई सिंचित गर्नका लागि पानीको मूल श्रोतको रुपमा रहेको चुरे वन क्षेत्र नेपालको ठूलो जनसङ्ख्याको जनजिविकाको मुख्य आधार स्रोत हो ।

बढ्दो जनघनत्वका कारण वन पैदावारमा अत्यधिक चाप रहेकाले चुरे वन विनाश बढेको छ । क्षयीकरणले पर्यावरणीय समस्या समेत देखा पर्न थालेको छ । बेलैमा सतर्कता नअपनाइए मधेस प्रदेशले पर्यावरणीय सङ्कट झेल्नुपर्ने अवस्था आउन सक्ने विज्ञको चेतावनी छ ।

सरकारले चुरे संरक्षणका लागि लाखौं रुपैयाँ खर्च गर्ने गरेको भए पनि वन जङ्गल र खोला किनारमा अवैध रुपमा खुल्ने गरेका क्रसर उद्योगका कारण चुरे संरक्षणमा चुनौती बन्दै गएका छन् ।

धनुषा र महोत्तरीको सिमानामा रहेको रातु खोला किनारमा मात्रै वरिपरि गरी ५ वटा क्रसर उद्योग अवैधरूपमा सञ्चालनमा छन् । अवैधरूपमा बालुवा, गिट्टी उठाउने गरेका कारण वनजङगल विनास भइरहेको छ ।

सरोकारवाला निकाय यसलाई रोक्नका लागि गम्भीर नदेखिएका कारण समस्या झन बढ्दै गएको छ । वन विनास अत्यधिक रुपमा बढेको छ भने क्रसर उद्योगले जथाभावीरूपमा नदीबाट बालुवा, गिट्टी निकाल्ने गरेका छन् । क्रसर उद्योगका कारण तटबन्ध जोखिममा परेको छ । रोक्नुपर्ने निकायले नै ती उद्योगसँग लाभ लिँदा समस्या देखिएको हो ।

किसाननगरका रीता भट्टराईले खोला किनारमा रहेको क्रसरले बालुवा लिएर जाँदा आफ्नो घरमा समेत बालुवा पसेको बताउनहुन्छ। उहाँले भन्नुभयो, राति राति बालुवा ओसार्दा हैरान भएको छु । जथाभावी बालुवा झिक्दा तटबन्ध नै भत्किने खतरा बढेको छ ।

**मापदण्ड विपरित क्रसर उद्योग**

क्रसर उद्योग सञ्चालन गर्दा घरेलु तथा साना उद्योग कार्यालयले तोकेको मापदण्डअनुसार खोला किनार तथा राजमार्गदेखि ५०० मिटर टाढा हुनुपर्ने, शिक्षण संस्था, स्वास्थ्य संस्था, साँस्कृतिक परातात्विक महत्वका स्थान, सुरक्षा निकाय, वन, निकुञ्ज, आरक्ष र घनाबस्तीदेखि २०० मिटर तथा चुरे क्षेत्रदेखि एक किलोमिटर टाढा हुनुपर्छ । तर, मापदण्ड पूरा नगरी क्रसर उद्योग सञ्चालन गरिएका छन् । घरेलु तथा साना उद्योग कार्यालयले त्यसतर्फ चासो नदिँदा समस्या भएको स्थानीयवासीको आरोप छ ।

**नदीनालाको अनियन्त्रित दोहन**

खोला उत्खनन गरी ढुङ्गा, गिट्टी, बालुवा, जिल्ला बाहिर तथा भारत समेत निकासी हुने गरेको छ । तत्कालीन जिल्ला विकास समिति र अहिले स्थानीय तह नगरपालिका र गाउँपालिकाले आन्तरिक आम्दानीका लागि खोला ठेक्का लगाउने र एक्साभेटर जेसिभी प्रयोग गर्न दिने, उद्योगको नियमन गर्ने जिम्मा पाएको घरेलु तथा साना उद्योग कार्यालय, हालको स्थानीय सरकार, जिल्ला समन्वय समितिले कानूनी अधिकार प्रयोग नगर्दा खोलाको दोहन नरोकिएको बताइएको छ । चुरे क्षेत्रबाट अनियन्त्रित तरिकाले उत्खनन् गरिएपछि नदी तथा खोलाको बहाव परिवर्तन हुने सम्भावना देखिएको छ ।

**भूक्षयीकरणले पर्यावरणीय समस्या उत्पन्न**

सामुदायिक वन उपभोक्ता महासङ्घ मधेस प्रदेशका अध्यक्ष सोमप्रसाद शर्माले चुरे क्षेत्रमा जथाभावी रुपमा बढेको क्रसर उद्योगका कारण तराईमा भू-क्षयको जोखिम उच्च रहेको बताउनुभयो । उहाँले भन्नुभयो, यसलाई रोक्न ठोस नीतिको आवश्यकता छ। अवैध रुपमा सञ्चालित क्रसर उद्योगहरुलाई तत्काल बन्द गर्नुपर्छ ।चुरे विनासको सामाजिक, आर्थिक प्रभाव मूल्यांकन अध्ययन कार्य हालै नेपाल वन प्राविधिक संघले सम्पन्न गरेको छ ।

पाँचवटा खोला प्रणाली जलाधार क्षेत्रको (पसाहा, भेडाहा, चाँदी, चारनाथ र तावा खोला) अध्ययनको सिलसिलामा प्राप्त तथ्यांकका आधारमा सामाजिक र आर्थिक प्रभाव मूल्यांकन गरिएको छ ।

तावा खोलाको बहावका कारण बर्सेनी दुई तीन जनाले ज्यान गुमाउनु परेको स्थलगत तथ्यांकबाट देखिन्छ । खोला तटीय क्षेत्रका प्रभावित पाँच प्रमुख सूचनादाता किसानहरुको २ सय ३६ कट्ठा जमिन बगर भएको छ भने ६ लाख ४० हजार वार्षिक बालीनाली क्षति भएको देखिन्छ । यसको आधारमा ती खोलाहरुको सन् १९९४ र २०१० बीचको भूउपयोग परिवर्तन विश्लेषणबाट अनुमानित कुल ४ हजार ३ सय ८९ हेक्टर अर्थात १ लाख ३१ हजार ६ सय ७० कट्ठा कृषि जमिन कटान डुबान भई रु. ४६ करोढ ६९ लाख २४ हजार ५ सय वार्षिक नोक्सानी भएको अनुमान गरिएको छ ।

चुरे विषय मै विद्यावारिधि गर्नुभएको महोत्तरीको भंगहा - ७ का बासिन्दा डा. विजयकुमार सिंहले अहिले बस्ती/बस्ती सखाप पार्नेगरी बढेको बाढीको जोखिमको निदान शिरदेखि नै बुझ्नु पर्ने बताउनुहुन्छ ।

सिंहले चुरे श्रृंखलामा बढेको अव्यवस्थित बसोबास, विकासका नाउँमा सडक विस्तार गर्न वैज्ञानिक अध्ययन बिनानै पहाड भत्काउने बढ्दो लहर, चुरे र नदीमा हुने निरन्तरको अनियन्त्रित उत्खनन, खोल्सी व्यवस्थापनमा देखिने उदासीनता र वन विनाश नै बाढी र पहिरोका मुख्य कारण बनेको बताउनुभयो।

'अहिले त केही बस्ती जोखिममा रहेका, केही घर बाढीले लगेका र केही जग्गा कटान भएका समस्या सुन्दैछौं', डा सिंहले भन्नुभयो, "चुरे पहाडी श्रृंखला, नदी र वनमा हुने लुछाचुँडी तत्काल नरोकिने हो भने सिङ्गो भावर कटान र मधेश डुबानमा पर्नेछ, यहाँका उब्जाउ जग्गा बालुबुर्ज मरुभूमिमा परिणत हुनेछन् ।"

धेरैजसो केन्द्र र प्रदेश नीतिमा यी कुरामा भर गरे पनि सम्बन्धित स्थानीय तहको संकल्प र प्रतिबद्धता भए धेरै कुरा 'लिक' मा आउने डा सिंहको विश्वास छ । यद्यपि यस भेगका धेरैजसो स्थानीय तहको नेतृत्व क्रसर सञ्चालक कै वरिपरि देखिनाले तत्काल सकारात्मक कदमका लागि अब जनदवाब नै आवश्यक देखिएको डा सिंह बताउनुहुन्छ।

यसै बीच चुरे शिखरसम्म भूगोल समेटिएको जिल्लाको एकमात्र बर्दिबास नगरपालिकाले अवैज्ञानिक र अनियन्त्रित उत्खनन हुने क्रम रोक्ने जनाएको छ । 'विधि, प्रक्रिया र मापदण्ड नाघेर हुने/भएका उत्खनन रोक्न हामीले निर्णय नै गरेर कारवाही अघि बढाएका छौं', नगरप्रमुख प्रहलाद क्षेत्रीले भन्नुभयो, 'स्थानीय प्रहरी/प्रशासनको साथ पाए जथाभावी उत्खनन रोक्न सकिने हाम्रो विश्वास छ ।'

नगरपालिकाले यस्तो प्रतिबद्धता जनाए पनि रातु नदी र नदी उकास क्षेत्रमा उत्खनन नरोकिएको यस भेगका बासिन्दा बताउँछन् । 'खै यी खोला खन्ने ठेकेदार र क्रसर सञ्चालकको तारतम्य कताकता जोडिएको छ, बुझ्नै गाह्रो ?', बर्दिबास-१४ का बासिन्दा हरि दाहाल भन्नुहुन्छ, "नगरप्रमुखले अनियन्त्रित उत्खनन रोक्ने प्रतिबद्धता जनाउनु भए पनि डोजर , एस्काभेटर चल्न छाडेका छैनन् ।"कागजले चेतावनी दिएर मात्र नभई अनियन्त्रित उत्खनन गर्नेलाई कारवाही प्रक्रिया मै लगिए मात्र यो क्रम नियन्त्रण हुनसक्ने दाहाल सहितका यस भेगका सर्वसाधारण बताउनुहुन्छ।


महोत्तरीका १५ स्थानीय तहमध्ये बर्दिबास, भङ्गाहा र गौशाला नगरपालिका क्षेत्रमा क्रसर सञ्चालन हुँदै आएका छन् ।

**आठ वर्षमा ११ अर्ब खर्च, समस्या उस्तै**

राष्ट्रपति चुरे तराई-मधेस संरक्षण कार्यक्रमको गुरुयोजना बनाएर काम थालेको आठ वर्षमा सरकारले संरक्षणका लागि १० अर्ब ८१ करोड खर्च गरेको छ ।

चुरे संरक्षणमा गत आव ०७७/७८ मा एक अर्ब ६० करोड खर्च भएको थियो । आव ०७८ /७९ मा एक अर्ब ५३ करोड बजेट र चालु आवका लागि एक अर्ब ५५ करोड बजेट विनियोजन गरिएको छ । सरकारले चुरेमा त्यसअघि पनि खर्च गरेको थियो । ०६६/६७ देखि चुरे संरक्षण कार्यक्रमका नाममा खर्च थालेको हो । २ असार ०७१ मा राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समिति गठन गरिएको थियो । ०७४ जेठमा स्वीकृत भएको गुरुयोजनामा आव ०९३/९४ सम्म दुई खर्ब ४९ अर्ब लागतको आकलन गरिएको छ ।





# 'स्वास्थ्य क्षेत्रको सुधार सरकारी अस्पतालबाट हुन्छ'



**खबर दर्पण समाचारदाता**

**माघ २९ गते, जनकपुर**

मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले आम जनताले भगवानको रुपमा मानेका चिकित्सकहरूले पनि जनताको भावनाको सम्मान गरेर गुणस्तर ीय सेवा दिनुपर्नेमा जोड दिनुभएको छ ।मुख्यमन्त्री यादवले सामाजिक विकास मन्त्रालयको अर्धवार्षिक समीक्षा कार्यक्रमलाई जनकपुर धाममा सम्बोधन गर्दै चिकित्सकहरूलाई निर्भिक भएर जनताको उपचारमा लाग्न आग्रह गर्नुभयो ।

उहाँले प्रदेशका सबै प्रादेशिक अस्पतालहरूलाई २ सय शैय्याको अस्पतालको रुपमा रूपान्तरण गरिने जनाउँदै सरकारी अस्पतालको सेवामा सुधार गरेपछि नीजि अस्पतालमा हुने ठगी तथा गलत क्रियाकलापविरुद्ध प्रदेश सरकार निर्मम हुने बताउनुभयो ।

मुख्यमन्त्री यादवले सङ्घीयताको भावना स्वास्थ्य क्षेत्रबाट नै प्रतिबिम्बित हुने गरेकाले स्वास्थ्य क्षेत्रको सुधारका लागि प्रदेश सरकार जस्तोसुकै कदम चाल्न पनि तयार भएको सुनाउनुभयो ।

सामाजिक विकासमन्त्री सुरिता कुमारी साहले मधेश प्रदेशमा जनसङ्ख्या, गरिबी, अशिक्षा बढी भएको तर स्वास्थ्य पूर्वाधारको अवस्था कमजोर भएकाले सेवामा सुधारका लागि सबै प्रकारका सहयोग गर्न मन्त्रालय तत्पर रहेको बताउनुभयो ।

सामाजिक विकास मन्त्रालयका सचिव लक्ष्मी प्रसाद भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा मधेश प्रदेशका सामाजिक विकास राज्यमन्त्री शेख अब्दुल कलाम आजादले स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन आवश्यक भएको बताउनुभयो ।

मधेश प्रदेशका स्वास्थ्य संस्थाहरूको भौतिक प्रगति समग्रमा चालु आर्थिक वर्षको ६ महिनामा सन्तोषजनक रहेको छैन । समग्रमा करिब १२ प्रतिशतले प्रगति भएको पाइन्छ ।

# वार्षिक योजना तर्जुमा प्रक्रियालाई समावेशी बनाउने प्रतिबद्धता




**खबर दर्पण समाचारदाता**

**माघ २९ गते, जनकपुर**

धनुषाका स्थानीय तहका प्रमुख–उपप्रमुखहरुले पालिकाको वार्षिक योजना तर्जुमा प्रक्रियालाई समावेशी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

फ्रि मिडिया नेटवर्क धनुषाको आयोजना तथा नेपाल पत्रकार महासंघ धनुषा शाखाको संयोजनमा आयोजित 'स्थानीय तहको योजना तर्जुमा प्रक्रियालाई समावेशी बनाउन सञ्चार क्षेत्रको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख/उपप्रमुखले यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन् ।

स्थानीय तहका जनप्रतिनिधिले योजना तर्जुमा प्रक्रिया समावेशी बनाइने गरेता पनि सञ्चार क्षेत्रको खबरदारी आवश्यक रहेको बताए ।कार्यक्रममा सहभागी लक्ष्मिनीया गाउँपालिकाका अध्यक्ष भोगेन्द्र मिश्रले आगामी आर्थिक वर्षको योजना तर्जुमा प्रक्रियालाई समावेशी बनाउनका लागि योजनाबद्ध रुपमा काम गर्ने प्रतिबद्धता जनाए ।

जनकपुरधाम उपमहानगर पालिकाका उपप्रमुख किशोरी साहले सञ्चार क्षेत्रलाई पनि योजना प्रक्रिया समावेशी बनाउनका लागि समाचार प्रकाशन तथा प्रसारण गर्न आग्रह गरे ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष मनिका झाले स्थानीय तहको योजना निर्माण प्रक्रियालाई समावेशी बनाउनका लागि सञ्चार क्षेत्रले सहयोग गर्ने बताए ।

उनले पत्रकार महासंघले गरेको छलफलले स्थानीय तहहरुको योजना निर्माणलाई सहयोग पुग्ने बताइन् । कार्यक्रममा 'समावेशी बजेट र सञ्चार क्षेत्रको भूमिका' विषयमा मदन सिंह बागचनले कार्यपत्र प्रस्तुति गरेर सहजीकरण गरेका थिए ।

कार्यक्रममा वरिष्ठ पत्रकार बिएम खनाल, नेपाल पत्रकार महासंघ मधेस प्रदेशका उपाध्यक्ष ज्योति झा, गैसस महासंघ धनुषाका सदस्य उमेश साह, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ, सेफ नेपालका विनोद महरा, अधिकारकर्मी सम्योगिता शाह, सुभद्रा आले, समिता कुमारी तामाङ्ग, साथ साथ सिकाइ संघका रिंकु साह, नेपाल दलित मुक्ति मोर्चाका केन्द्रीय सल्लाहकार त्रिपित महरालगायत दर्जन बढी सञ्चारकर्मीहरुको पनि सहभागिता रहेको थियो ।

# औरही नगरपालिकामा दोस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**माघ २९ गते, औरही**

महोत्तरी(औरही) - औरही नगरपालिकामा दोस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ ।

माघ २७ गते देखि २९ गते सम्मका लागि आयोजना गरिएको नगर स्तरीय खेल आज अन्तिम दिन फाइनल खेलमा श्री प्रसाद सिंह माबि औरहीले प्रथम स्थान हासिल गरेको छ।

श्री प्रसाद सिंह माबि औरहीले १५ स्वर्ण, ४ रजत र ५ कास्य गरी कुल २४ पदक प्राप्त गरी प्रथम स्थान हासिल गरेको हो ।

खेलमा सोन्फी दशै माबि श्रीपुर १० स्वर्ण ५ रजत र ३ कास्य गरी कुल १८ पदक प्राप्त गरी दोस्रो र राम विलास यादव जनता माबि भोईल टिम्किया ४ स्वर्ण ५ रजत र ३ कास्य गरी कुल १२ पदक प्राप्त गरी तेस्रो स्थान हासिल गरेको हो ।

चिल्ड्रेन ग्लोरी पब्लिक एकेडेमी औरही २ स्वर्ण ६ रजत र ४ कास्य गरी कुल १२ पदक प्राप्त गरी चौथो स्थान हासिल गरेको हो ।

सनराईज इंग्लिश बोर्डिङ स्कुल औरही १ स्वर्ण ७ रजत र १० कास्य गरी कुल १८ पदक प्राप्त गरी पाँचौ स्थान हासिल गरेको हो श्री माबि बैरिया १ स्वर्ण ३ रजत र ४ कास्य गरी कुल ८ पदक प्राप्त गरी छैठौं स्थान हासिल गरेको हो ।

औरही नगरपालिकाका भित्रका ४ ओटा सामुदायिक माबि बिधालय र २ ओटा निजि बोर्डिंग बिधालय गरी जम्मा ६ वटा बिधालयले सहभागी जनाएका थियो ।

प्रतियोगितामा विभिन्न किसिमका खेलकुदहरु भलिबल, हाईजम्प, त्रिपलजम्म, लंगजम्म, सटपुट थ्रो, दौड, ज्याभलिङ्ग थ्रो, कपर्दी, रिलेरेस खेलहरु खेलाएको थियो ।

प्रतियोगिता उद्घाटन औरही नगर पालिका का नगर प्रमुख प्रदिप कुमार खड्काले सट फुट फ्याकेर माघ २७ गते औरही नगरपालिका २ स्थित रहेको श्री प्रसाद सिंह माबि औरहीको खेल मैदानमा प्रतियोगिता उद्घाटन गर्नु भएको थियो।

स्वास्थका लागि खेलकुद रास्ट्रका लागि खेलकुद" मुल नाराका साथ अगाडि बढेका औरही नगरपालिका आगामी दिनमा विद्यालयहरुमा प्रयाप्त खेलकुद सामाग्री उपल्बध गराइ दक्ष खेलाडी बनाइनेछ, आगामी राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता भव्यताका साथ सन्चालन गरिने नगर प्रमुख खड्काले जनाउनुभयो।

प्रतियोगितामा सहभागी खेलाडीहरुलाई कप, मेडल र प्रमाण पत्र औरही नगरपालिकाका नगर प्रमुख खड्का द्वारा वितरण गरिएको छ।

कार्यक्रममा सहयोग पुर्याउने औरही नगरपालिकाको शाखाका प्रमुख धन बहादुर राई, सुरक्षाकर्मी, खेल प्रशिक्षक पुर्व रा.खे पा सदस्य मधेस प्रदेश भलिबल संघका अध्यक्ष भलिबल प्रशिक्षक रबि यादवले खेल सभ्य र भव्यका साथ खेल खेलाउनु भएको हो।

आईतवार पुरस्कार वितरण गर्दै नगरप्रमुख प्रदिप कुमार खड्काले विजेता छात्र–छात्राहरूलाई रनिङ शिल्ड, प्रमाणपत्र, मेडल प्रदान गर्नुभयो । उहाँले युवाहरूलाई खेलकुदतर्फ आकर्षित गर्न नगर पालिकाले विद्यालयलाई खेलकुद मैत्री बनाउने र खेलको विकास गर्दै नगरपालिकाबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्न नगरपालिका लागिपरेको बताउनुभयो ।

नगरपालिकाले आयोजना गरेको विभिन्न खेलहरूमा विद्यालयले प्राप्त गरेको पदकका आधारमा प्रथम, दोस्रो,तृतीय,चौथो,पाचौं र छैठौं छनोट गरिएको नगरपालिकाको शिक्षा शाखाका प्रमुख धन बहादुर राईले जानकारी दिनुभयो ।

# डोरीले बाँधेर १४ वर्षिय ...

भएको स्थानिय प्रत्यक्षदर्शी भरोसी कुमार महतो बताउछन ।

'मैले मोटरसाइकलमा बाधेको त देखे तर त्यसपछी काहा लगे भन्ने एकिन गर्न सकिन ।' उन्ले भने । 'पछी थाहा भयो उस्लाइ सन्जित महतोको घरमा लगेका रहेछन ।'

अपहरण शैलीमा लगेका उनिहरुले बेलुका ६ बजे छाडेको उन्को भनाइ छ । 'उस्लाइ हेर्दा अवस्था निक्कै दयनिय थियो । रोइरहेको थियो, जिउभरी निलडाम थियो ।' भरोसीले भने ।

सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नदी सफा राख्नु सबैको दायित्व हो । नदीको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नदीको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नदी क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नदी क्षेत्रमा भौतिक निर्माण नगरौं । नदी फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नदीको क्षेत्रलाई संरक्षण र सम्वर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

कमला नदी नियन्त्रण आयोजना , जनकपुर

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा